# ५ प्रेम र परमेश्वरको व्यवस्था

*यस अध्यायका मूल पदहरू:* याकूब २:१-१३, मर्कूस २:१६, लैबव्यवस्था १९:१७,१८, रोमी १३:८-१०, यूहन्ना १२:४८।

*यस अध्यायको मूल पद:* **"जब न्यायको दिनमा तिनीहरूको फैसला गरिनेछ, यदि तिनीहरूले अरूलाई दया देखाएन भने तिनीहरूमाथि पनि दया देखाउने छैन। अरूलाई न्याय वा आलोचना गर्नुभन्दा तिनीहरूमाथि दया देखाउनु उत्तम हुन्छ।" (याकूब २:१३ रूपान्तरित)।**

**बाइबलका प्रत्येक पाठकहरूलाई एउटा कथा राम्ररी थाहा छ। तर जिज्ञासा त यो छ: विश्वासीहरूले त्यस कथालाई कसरी आत्मसात् गरेका छन् र के त्यस कथालाई प्रयोगमा ल्याइएको छ त?**

एक जना पुजारी र अर्को मन्दिरको रेखदेख गर्ने मानिसहरू यरुशलेमबाट यरिहो शहरमा जाँदै थियो। चोरहरूले कुटेर र सम्पूर्ण कुरा लुटेर घाइते बनाइको एक जना मानिस अचेत अवस्थामा तिनीहरूले बाटोमा देखे। पुजारी र मन्दिरको रेखदेख गर्ने मानिसहरूले आफ्नो धार्मिक विधिहरू सिध्याएर फर्कन्दै थिए। धार्मिक संस्कारलाई पूरा गरेर फर्केको हुनाले ती दुवैले घाइते मानिसप्रति परोपकार देखाउन वाध्यता देखेन। त्यसकारण दुवै जना आआफ्नै बाटो लागे। अन्तमा एक जना यहूदीहरूले मानेका सामारितन भन्ने पानी नचल्ने जनजाति त्यस घाइते मानिस भएको ठाउँमा आइपुगे। त्यो मानिसले यहूदीले मानेका परमेश्वरको पनि पुजा गर्दथे र साथै स्थानीय देवीदेवताहरूलाई पनि मान्दथे। नाउँ थाहा नभएको त्यो मानिस त्यस घाइते भएको ठाउँमा गयो। पिडाले कराइरहेको घाइते मानिस देखेपछि उसको मनमा दया जागेर आयो। आफूसँग भएको पानीले त्यस मानिसको घाऊ धोइदियो। आफूसँग भएको मलहमपत्तीले उसको घाऊमा लगाइदियो। उसलाई एउटा बास बस्ने घरमा लग्यो। त्यहाँको घर धनीलाई त्यस घाइतेलाई त्यहाँ राख्न र  स्याहार्न केही पैसाहरू पनि दियो। उसलाई निको नहुँञ्जेल स्याहार्न अर्को पैसा लाग्छ भने फर्केर आउँदा तिरी दिन्छु

भनी कबूल गरी त्यस सामरी आफ्नो काममा गए (लूका १०:३०-३७)।

एक जना वकिलले अनन्त जीवन वा मोक्ष पाउन के गर्नुपर्छ भनेर येशूलाई सोधेको हुनाले उहाँले त्यो कथा भन्नुभएको थियो। येशूले त्यस वकिललाई राम्रोसँग धर्मकर्म गर, अझ तल्लिन भएर परम्परा भक्तिभावसँग मान्ने प्रयास गर भन्नुभएन। बरू करूणा र दया कुटीमा बसेर होइन वा प्रचार गरेर होइन तर त्यसलाई प्रयोगमा ल्याएर चल भनेर येशूले कथाद्वारा चित्रण गरी त्यस वकिललाई अर्ती दिनुभएको थियो। नरमाइलो र खतराको परिस्थितिमा पनि हामीहरूले हामीमा भएको प्रेमलाई परिचालन गरेर देखाउनुपर्छ भन्ने त्यस कथाको आशय भएको हामी पाउँछौं। हामीलाई मन नपराउने मानिसलाई होस् वा हामीले मन नपराउने मानिसलाई होस् धर्म र जातको ख्याल नराखी हामीहरूले माया दया देखाउनु हामीहरूको धर्म वा कर्तव्य हो भनेर प्रत्येक मानिसले सोचोस् भनेर नै त्यस मार्मिक कथा येशूले कोर्नुभएको थियो।

हामी पूर्वाग्रहले ग्रष्त भएको मानिसहरूमा त्यस्तो काम गर्न स्वभावैले दिँदैन। तर हामीमा सच्चा प्रेम, माया दया वा करूणा छ भने त्यो देखाउन कुनै पनि जोखिमको सामना गर्न तयार हुनुपर्छ। सच्चा मानव कल्याण हामीहरूको हृदयमा छ भने वा माया छ भने, बाहिर होस् वा हामीहरूको आफ्नै चर्चभित्रै किन नहोस्, मानव जातलाई अनेकन् बहानामा अलग गराएर राख्ने कुनै पनि पर्खाल भत्काउन राजी हुनुपर्छ। त्यस अत्यन्त समसामयीक तथा महत्त्वपूर्ण ज्ञानको बारेमा याकूबको धारणा के छ भनेर यस अध्यायमा हेर्नेछौं।

## १ सुनको गहना लगाएर आएको मानिस र गरिब निमुखा मानिस (याकूब २:१-४)

याकूब २:१-४मा एउटा रोचक समसामयीक विषय प्रस्तुत गरिएको छ। हेरौं "१ मेरा भाइ हो, प्रभु येशू ख्रीष्ट, महिमाका प्रभुमाथि तिमीहरूको विश्वास भएको हुनाले तिमीहरूले कुनै भेदभाव नदेखाओ। २ यदि कोही मानिस सुनका औँठीहरू र राम्रा-राम्रा लुगा लगाएर तिमीहरूको सभामा आयो, र कुनै एक जना गरीब पनि झुत्रे-झाम्रे लुगा

लगाएर आयो भने, ३ तिमीहरूले त्यो राम्रो लुगा लाउनेलाई आदर गरेर, "यहाँ राम्रो ठाउँमा बस्नुहोस्" भन्छौ, र त्यस गरीबलाई चाहिँ "तँ त्यहीं उभि" अथवा "मेरा पाउनेर बस्" भन्छौ भने, ४ के तिमीहरूले आफ्नै बीचमा भेदभाव देखाएनौ, र कुविचार भएका न्यायकर्ता भएनौ र?" इसाईहरूकै बीचमा पनि भेदभाव भएको थियो भन्ने प्रसङ्गलाई याकूबले भन्दाफोर गरेका थिए। चर्चमा कोही धनी, सम्पन्न र रवाफिलो लुगा लगाएर आउँदा उसलाई सम्मान गर्ने र सत्कार गर्ने तर गरिब र झुत्रे-झाम्रे लुगा लगाएको विश्वासी आयो भने चर्चको पुछारमा राख्ने वा भुईंमा बस भनेर अऱ्हाउने रे?

जुन यथार्थ चित्रण याकूबले गरेका थिए त्यो रमाइलो छैन, त्यो पनि आराधना गर्ने ठाउँमा ! ग्रीक भाषामा लेखिएको पद २मा भेला हुने ठाउँ भन्दा सिनीगग वा यहूदीहरूको आराधना स्थल हो। शाबथमा यहूदी इसाईहरू सिनिगगमा आराधना गर्न जान्थे भनेर त्यसले देखाएको पाइन्छ। तर धेरै जसो इसाईहरूको सेवाकार्य व्यक्तिगत घरहरूमा पनि हुने गर्दथे (प्रेरित १८:७,८)।

प्रथम् शताब्दीको ग्रीक र रोमी सभ्यतामा पद ओगट्नु महत्त्वपूर्ण मानिन्थ्यो। धन, शिक्षा र राजनैतिक प्रभाव भएका मानिसहरूले ती तत्वहरूलाई उपयोग गरेर अघि बढ्न अपेक्षा गरिन्थ्यो। सामाजिक वा धार्मिक कामको लागि कसैले ठूलो रकम उपहारस्वरुप दियो भने पाउनेले दिनेलाई कुनै न कुनै रूपमा कृतज्ञता देखाउनुपर्दथ्यो। सार्वजनिक रूपमा सम्मान देखाएर त्यस दिने व्यक्तिको ऋण तिरेको देखाइन्थ्यो। त्यही अनुरुप कुनै न कुनै धनी वा प्रतिष्ठित इसाईहरू जब चर्चको सेवाकार्यमा जान्थे सार्वजनिक रूपमा तिनीहरूलाई विशेष सम्मान गर्न अपेक्षा गरिन्थ्यो। यदि तिनीहरूलाई सम्मान गरिएन भने चर्चको बेइज्जत भएको ठहरिन्थ्यो। आदर तथा सम्मान गर्नुपर्ने व्यक्तिलाई अपेक्षा गरेको अनुसार उचित व्यवहार देखाइन त्यो चर्चमा भयङ्कर समस्याहरू खडा हुन्थे।

**येशूको समयमा समाजका प्रतिष्ठित मानिसहरूलाई कसरी व्यवहार गर्नुपर्थ्यो भनेर मर्कूस २:१६ र लूका ११:४३मा देखाएको छ, हेर्नुहोस्। तर त्यस्तो नीति सुसमाचार अर्थात् येशूनीतिसँग कसरी बाझिन्छ त्यो पनि ख्याल गर्नुहोस्। मर्कूस २:१६ "उहाँ पापीहरू र कर**

**उठाउनेहरूसँग खाइरहनुभएको देखेर फरिसी दलका शास्त्रीहरूले उहाँका चेलाहरूलाई भने, "तिनी किन कर उठाउनेहरू र पापीहरूसँग बसेर खान्छन्?" र लूका ११:४३ "उहाँ पापीहरू र कर उठाउनेहरूसँग खाइरहनुभएको देखेर फरिसी दलका शास्त्रीहरूले उहाँका चेलाहरूलाई भने, "तिनी किन कर उठाउनेहरू र पापीहरूसँग बसेर खान्छन्?"**

येशूको सम्मुख गरिब वा धनी हुनु पाप होइन (येशू सबैसँग हेमचेम गर्नुहुन्थ्यो)। तर हामीहरू भन्दा फरक उमेर, धन, शिक्षा, वर्ण र धार्मिक आस्था भएकाहरूलाई हामीहरूले कस्तो व्यवहार गर्छौं त्यसले हामी येशूनीतिमा चलेका छौं कि छैनौं भनेर देखाउँदछ। समाजको प्रतिष्ठित वा माथिल्लो दर्जा भएकालाई बढि सम्मान तथा आदर देखाउने हामीहरूको बानी छ भने तल्लो स्तरका मानिसहरूलाई हेप्ने बानी पनि हामीसँगै छ। समाजको लहैलहैमा जान धेरै सजिलो छ भन्ने कुरामा हामी सतर्क हुनुपर्छ। तर संसारको चालामा होइन परमेश्वरको चालामा हिँडेर छुट्टै पहिचान देखाउन उहाँले हामीलाई आह्वान गर्नुहुन्छ (रोमी १२:२)।

**याकूबले वर्णन गरेको अनुसार हामी नचलौंला तर हामी सबैले कुनै न कुनै रूपमा पक्षपातको खेल खेल्दैनौं र? हामीमा भएको त्यो समस्यालाई कसरी सुधार्ने?**

## २ वर्ग संघर्ष (याकूब २:५,६)

सबभन्दा थोरै पैसा भएको मानिसले सबभन्दा धेरै इसाई किताबहरू किनेको धार्मिक पुस्तकको विक्रेतालाई थाहा हुन्छ। येशूको बारेमा पुस्तक बेच्न सम्पन्न घरदैलोमा जाँदा रित्तो हात फर्कनु परेको प्रायजसो त्यस्तो पुस्तक बेच्ने सबैलाई थाहा छ। आफ्नो सम्पन्नताले गर्दा मानिसहरू संतुष्ट भएर नै धार्मिक पुस्तक किनेर पढ्नु आवश्यकता नभएको देखेको हुन्छ। यस संसारमा सबै यश आराम भएकै कारणले परमेश्वरको आवश्यकता नभएको महसूस गरेको हुन्छ। तर गरिब वर्गलाई मात्र परमेश्वर चाहिन्छ भन्ने सामाजिक मनस्थिति सर्वविदितै छ। वृहतरूपमा हेर्ने हो भने त्यो केही हदमा सत्य भएको पनि पाइन्छ। जहाँ आर्थिक र सामाजिक समस्या छ त्यहाँ चर्च द्रुतगति मा बढेको पाइन्छ। ठूला ठूला समस्याहरूसँग संघर्ष गरिरहनेहरूले येशूको

कथा सुनेर आशा जगाएर अर्थमूलक जीवन जीउन चाहेको हामी पाउँछौं भने सबै कुरा आफूले भनेबमोजिम ठिकसँग चलिरहेको भन्ने सोच्ने मानिसलाई येशूको कथाको आवश्यक नभएको देख्दछ।

याकूबले २:१-४मा लेखेको कुरालाई पद ५,६ले अझ राम्रोरी कसरी वाख्या गर्दछन् हेर्नुहोस्: "५ मेरा प्रियहरू, सुन, के परमेश्वरले संसारका गरीबहरूलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र? यहि राज्य उहाँलाई प्रेम गर्नेहरूलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र? ६ तर तिमीहरूले त गरीब मानिसको अपमान गरेका छौ। के धनीहरूले तिमीहरूलाई अत्याचार गर्दैनन् र? के तिनीहरूले तिमीहरूलाई अदालतमा लाँदैनन् र?"

उपरोक्त पदहरूले हामीहरूको चर्चमा दुई थरिका मानिसहरू थिए भनेर पुष्टि गरेको छ। तिनीहरू हुन्: धनी र गरिब वर्ग। गरिब वा विपन्न वर्ग अर्थात् वर्तमान परिप्रेक्ष्यमा श्रमिक वर्ग जो संसारका प्रतिष्ठित वर्गले हेपेका हुन्छन्, परमेश्वरले तिनीहरू उहाँमाथिको आस्थामा धनी बनाउन रोज्नुभएको थियो। धनी वर्गले आफ्नो धन, प्रतिष्ठा तथा अधिकार प्रयोग गरेर गरिबहरूलाई शोषण गर्दथे। (गरिबहरूलाई शोषण गरेर तिनीहरूले उदारवादीको नाटक पनि खेल्दथे)। शोषणरहित समाज भन्ने रोमी शासनमा नौलो कुरो थियो। रोमी कानूनले नै धनीको पक्षमा उभिएर भेदभावको नीति उचालेको थियो।

"तल्लो जातको मानिसले माथिल्लो वा प्रतिष्ठित धनी मानिससँग मुद्धा गर्न पाइन्दैनथ्यो। गरिबले धनको लोभमा परेर मुद्धा गऱ्यो भनेर आरोप लगाइन्थ्यो। यदि गरिब तथा तल्लो जातिका मानिसहरूले समाजको कुनै ठूलो जात वा सम्पन्न वर्गलाई मानहानी गरेको भेट्टायो भने तिनीहरूमाथि भारी सजायँ लादिन्थ्यो।"-क्रेग, एस. *द आइभिपी बाइबल बाकग्राउन्ड कमेन्टरी: न्यु टेस्टामेन्ट* (डावरस ग्रोभ, इलिन्वायस, इन्टरभर्सिटी प्रेस, १९९३), पृ. ६९४बाट रूपान्तरित।

चर्चभन्दा बाहिर धनीको पक्षमा उभिएर गरिबलाई हेर्ने प्रवृत्ति त लोकसम्मत नै हुनसक्छ तर चर्चमा पनि त्यसरी पक्षपात गर्ने बानी किन खराब छ भनेर याकूबले विश्वासीको हृदयमा किन गाभिन चाहन्छन्? हेर्नुहोस्: याकूब २:७ "तिमीहरूलाई दिइएको सुनामको बेइज्जत तिनीहरूले नै गरेनन् र?"

अर्थात् त्यस्तो खराब प्रवृत्तिले येशूको असल नाउँलाई नै बदनाम वा वेइज्जत गरेको हुन्छ भनेर याकूबले व्यक्त गर्न चाहेको पाउँछौं। खराब काम वा क्रियाकलापहरू आफैमा खराब त छन् नि, तर येशूको नाउँ लिएर क्रिश्चियन भनाउँदाहरूले नै त्यस्तो व्यवहार गरिन्छ भने त्यो भन्दा येशूको ठूलो वेइज्जत अरू के होला? अझ धनी क्रिश्चियन भनाउँदाहरूले आफ्नो धन र अधिकार प्रयोग गरेर चर्चको फाइदा लिन खोज्नु पनि येशूको अनुहारमा हिलो फ्याँक्नु हुन्छ। धनी वर्गले गर्दा नै विश्वासीहरूलाई किनबेच गरेर चर्चमा विभाजन ल्याउँछन् र झगडा अर्थात् बखेदा मच्चाउँछन्। त्यसकारण हामीमा भएको व्यवहार येशूको नाउँसम्मत हुनुपर्छ, उहाँलाई सम्मान दिने खालको हुनुपर्छ। कुनै मानिसको होइन उहाँको भाऊ खोज्ने खालको हुनुपर्छ। (यदि आफ्नो भाऊ खोज्न वा सम्पन्न वर्गलाई सम्मान गर्न कोही क्रिश्चियन हुन्छ भने त्यसलाई येशूको चेला भन्न सुहाउँदैन। हामीहरूको नाउँ अनुसार हामीहरूको काम हुनुपर्छ। समाजको धनी वा सामन्ती वर्गले चर्च तथा चर्चको गरिब विश्वासीहरूले शोषण गर्छ भने उसले येशूको सरासर अपमान गरेको ठहर्छ भन्ने याकूबको अभिमत छ-अनुवादकको टिप्पणी)।

## ३ छिमेकी वा आवश्यक परेकाहरूलाई माया देखाउनु (याकूब २:८,९)

आफ्नो छिमेकी अर्थात् आवश्यक परेकाहरूलाई कस्तो व्यवहार गर्नुपर्छ भनेर देहायका पदहरूले सन्देश कसरी दिन्छ, सोच्नुहोस्: याकूब २:८,९ "८ यदि "आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर" भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। ९ यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ।", लैबीहरू १९:१७,१८ 'आफ्नो भाइबन्धुसित दुश्मनी नराख। आफ्नो छिमेकीलाई खुल्लमखुल्ला हप्काओ, नत्रता तिमी पनि त्यसको अपराधमा साझा होलास्। १८ " 'आफ्ना आफन्तहरूसित बदला लिन नखोज र इबी नराख, तर आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर। म परमप्रभु हुँ।" र मत्ती ५:४३-४५"तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।' ४४ तर म

तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, ४५ र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ।"

याकूबले परमेश्वरको दश आज्ञाहरूलाई शाही व्यवस्था भनेर सम्बोधन गर्दछन् (याकूब २:८)। त्यो व्यवस्था "राजाहरूका राजा"ले दिनुभएकै कारण उनले त्यसरि सम्बोधन गरेका हुन् (प्रकाश १९:१६)। उहाँको व्यवस्था वा नीतिलाई येशूले डाँडामा दिनुभएको उपदेशले विस्तृत रूपमा वाख्या गरिएको छ। येशूले नौ पल्ट धन्यका अर्थात् श्यावास भनेर सम्बोधन गर्नुभएको छ। त्यसमा प्रथम धन्यमा हामीहरूको छिमेकी वा अरू मानिसलाई प्रेम गर्नुलाई उल्लेख गरिएको छ (मत्ती ५:३-११)।

येशूले मत्ती ५:४३मा उल्लेख गर्नुभएको पद लेवीहरू १९:१८सँग मिल्दोजुल्दो छ भनेर त्यसबेलाका श्रोताहरूले बुझेका थिए। येशूले उदृध गर्नुभएको लेवीहरू १९:१७,१८मा सहइस्राएली अर्थात् आफ्ना भाइप्रति रिस इबी नराख्न निर्देशन दिएको पाइन्छ।

कतिपयले त्यस निर्देशनको आशयलाई बँग्याएको पनि पाइन्छ। तिनीहरूले भन्छन् "ठिकै छ, आफ्नो भाइ वा सहविश्वासीहरूलाई त माया गरौंला तर विश्वासमा नरहेका वा अरू मानिसलाई घृणा गर्न त्यसले अनुमती दिएको म पाउँछु। किनभने तत्कालिन समाजमा जो कोही यहूदी थिएन वा इस्राएली थिएन तिनीहरूलाई शत्रु भनेर मानिन्थ्यो। इस्राएलमा अझ पनि कुमरान यहूदी समूह छ। तिनीहरूले आफ्नो जातको यहूदी बाहेक अरू सबैलाई शत्रु ठान्दछन्। तिनीहरू अत्यन्त समर्पित यहूदी भक्तहरू हुन्। तिनीहरूले इस्राएल राष्ट्रको अरू जातिहरूबाट आफूहरूलाई अलग राखेका छन्। पापमा जन्मेका तथा पापको फल प्राप्त गर्ने मानिसहरू र अन्धकारका मानिसहरूलाई घृणागर्नुपर्छ भनेर तिनीहरूको व्यवस्थामा छ (द कम्युनिटी रूलस्: १:१०: ९:२१,२२)। ती कुमारन यहूदी जातिसमूहको निम्ति "अन्धकारका सन्तान" र "पापको फल प्राप्त गर्नेहरू केवल विदेशीहरूमात्र नभएर जो कोही जसले तिनीहरूका शिक्षादीक्षालाई ग्रहण गर्दैनन् समावेश भएको पाइन्छ।

"सबै दुष्टक्रियाकलापहरूमा पाप सबभन्दा ठूलो खराब छ। पापीहरूप्रति संवेदनशील भएर तिनीहरूप्रति दया देखाउनु र सहायता गर्नु हामीहरूको धर्म तथा जिम्मेवारी हो। धेरै मानिसहरूमा कमजोरीहरू छन्, तिनीहरू लज्जित पनि हुनसक्छन होला, आफूहरू कस्तो मूर्ख भएको भनेर सोच्ने पनि होलान्। तिनीहरू अरू कसैले केही उत्साहको वचन देलाकी भनेर भोकाएका हुन्छन्। तिनीहरूले आफ्ना कमजोरी र गल्ती कामहरू हेर्दछन् जसको फलस्वरुप तिनीहरू उदासिन हुन्छन्। त्यस्ता खालका प्राणीहरूलाई हामीले वेवास्ता गर्नु मनासिव होइन। यदि हामी क्रिश्चियन वा येशूभक्त भनेर दावी गर्छौं भने त्यस्ता खालका मानिसहरूलाई जाना जानी देखेर तिनीहरूलाई वेवास्ता गर्दै अर्कै बाटो हिँड्दैनौं। हामीहरूले भ्यायसम्म सहायता गर्न त्यस्ता आशारहित मानिसहरूबाट पन्छेर बस्नुहुन्न। त्यस्ता मानिसहरूलाई नै झन हामीहरूको अति आवश्यक परेको हुन्छ। यदि कोही मानिस पापले दुःख पाइरहेको छ वा दुर्व्यहारबाट कष्ट वा समस्या भोगीरहेका छन् भने हामीहरूले यसो कहिलै भन्दैनौं "त्यो मेरो सरोकारको विषय होइन।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ५०४बाट रूपान्तरित।

**समाजबाट पिल्सिएका, हेपिएका, अयोग्य ठहरिएका, माया फर्काउन असमर्थ भएकाहरूलाई कसरी प्रेम गर्नुपर्छ भन्ने उत्कृष्ट अनुकरणीय उदाहरण येशूको दाँजोमा अरू को होला? त्यस्ता खालका मानिसहरूलाई हामीले पनि माया, दया, सदाशयता आदि देखाउन के गर्नुपर्छ? स्वार्थ त्याग र परमेश्वरमा पूर्णरूपमा समर्पित जीवन बिताएर त्यस्ता खालको प्रेम हामीमा हुन कसरी सिक्ने?**

## ४ समग्र व्यवस्था (याकूब २:१०,११)

याकूब २:१०,११मा यसरी लेखिएको छः "किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। ११ किनकि जसले "व्यभिचार नगर्" भन्नुभयो, उहाँले "हत्या नगर्" पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ।" दश आज्ञाहरूबाट सरासर उदृध गरेर याकूबले दश आज्ञाको

गरिमामयलाई पुष्टि गरेका छन्। बाइबल लिएर तलको तालिकामा "सम्पूर्ण व्यवस्था" र "प्रेमको व्यवस्था" वा दुवैलाई त्यसको वाख्यालाई आफ्नै शब्दहरूमा लेख्नुहोस्:

| पदहरू | सम्पूर्ण व्यवस्था | प्रेमको नीति वा व्यवस्था |
|---|---|---|
| मत्ती ५:१८,१९ | | |
| मत्ती २२:३६-४० | | |
| रोमी १३:८-१० | | |
| गलाती ३:१० | | |
| गलाती ५:३ | | |
| गलाती ५:१४ | | |

**व्यवस्थाको बारेमा** येशूले सिकाउनुभएको शिक्षासम्मत नभएको कतिपय क्रिश्चियन वा इसाई भनाउँदाहरूको मनस्थिति बुझ्न कठिन हुनु स्वाभाविकै हो। तत्कालिन यहूदी र अहिलेका धार्मिक यहूदीहरूले मोशाद्वारा लिखित सम्पूर्ण व्यवस्थाहरूलाई अक्षरस पालन नगरि "मैले व्यवस्था पालना गरेको छु" भनेर घमण्ड गर्नु हास्यास्पद मान्दछन्। यहूदीहरूले ६१३ व्यवस्थाका सूचीहरू तयार पारेका छन्। ती सूचीमा २४८ व्यवस्था वा नीतिहरू सकारात्मक छन् भने ३६५ नकारात्मक छन्।

"कुनचाहिँ अत्यन्त महत्त्वपूर्ण व्यवस्था" भनेर कसैले येशूलाई सोधेका थिए (मत्ती २२:३६)। येशू यहूदी नीति अनुसार चल्नुहुन्छ कि हुँदैन भनेर दोष भेट्टाउन त्यो प्रश्न गरेको थियो। तर येशूले व्यवस्थाको प्रत्येक बुँदा वा सानाभन्दा साना नीति पनि अत्यन्त महत्त्व छ भनेर समर्थन गर्नुभएको थियो (मत्ती ५:१८)। तर परमेश्वरप्रति प्रेम र आफ्ना छिमेकी अर्थात् अरूलाई प्रेम गर्नु व्यवस्थाहरूमा सबभन्दा महत्त्वपूर्ण आज्ञा हुन् भनेर सिकाउनु भएको थियो। समग्र व्यवस्थाको निचोड नै स्वर्गमा रहनुहुने परमेश्वरलाई प्रेम गर्नु र संसारमा रहेका मानिसहरूलाई प्रेम गर्नु हो भनेर उहाँले सिकाउनुभएको थियो।

मुखलेमात्र मान्छु भनेर व्यवहारमा नउतार्ने मानिसको प्रवृत्तिलाई येशूले अनुमोदन गर्नुभएको थिएन। बरू मानव जीवनमा आज्ञा पालन गर्नु वा निर्देशनलाई आत्मसात् गर्नु अत्यन्त अर्थपूर्ण भएको पाइन्छ।

नत्र भने ओठे बोलीमात्र अर्थहीन हुन्छ। उदाहरणमा यदि मैले मुक्ति पाउन दशांस तिर्छु नत्र भने स्वर्गको राज्यमा पस्न सक्दिन भनेर डराइ डराइ तिऱ्यो भने त्यो दशांसको कुनै मूल्यमान्यता हुँदैन। तर परमेश्वरप्रति उहाँले हामीमा गर्नुभएको कामले कृज्ञता देखाएर दशांस तिऱ्यो भने त्यो अर्थपूर्ण हुन्छ। हामीले परमेश्वरको नीतिलाई कसरी पालन गर्छौं त्यो हामीहरूको उहाँसँगको सम्बन्धमा भरपर्छ।

व्यवस्थाको भारी गरिममामय तत्वहरूको बारेमा पनि येशूले सम्बोधन गर्नुभएको थियो। तिनीहरूमा न्याय वा जायज काम गर्नु दया तथा करुणा देखाउनु र विश्वास तथा आस्थामा परिपक्व हुनु थिए (मत्ती २३:२३)। ती सबै परमेश्वर र मानिससँग हाम्रो कस्तो सम्बन्ध छ त्यसमा भर पर्दछ। त्यसले गर्दा व्यवस्थाको बारेमा याकूले जे भन्दछन् त्यो येशू र पावलसम्मत भएकै पाइन्छ। यदि व्यवस्थाको कुनै बुँदालाई अपहेलना वा वेवास्ता गऱ्यौं भने परमेश्वर र मानिसहरूको बीचमा भइरहनुपर्ने हामीहरूको सम्बन्धमा क्षती पुग्न सक्छ। त्यसकारण हामीहरूले हामीहरूको खराब व्यवहार वा प्रवृत्तिलाई ढाक्न परोपकारी वा असल काम गरेर देखाउनु परमेश्वरको सामु हास्यस्पद हुने महसूस गर्नुपर्छ। तर यदि हामीले येशूलाई व्यक्तिगत रूपमा चिन्छौं र माया गर्छौं भने हामीहरूले हामीहरूको भाऊ होइन तर परमेश्वरको भाऊ खोज्न लगनशील हुनेछौं। हामीहरूको केन्द्रविन्दु र आस्थाको थलो हामीहरू आफै नभएर परमेश्वरमा हुन्छ र हामीहरूको ध्यान हामीहरूको स्वार्थमा नभएर अरूको सेवामा केन्द्रित हुनेछ।

**तपाईंले जे गर्नुहुन्छ वा गरिरहनुभएको छ त्यो परमेश्वर र अरूप्रति मायाले उत्प्रेरित भएर गरिरहनुभएको छ कि वा स्वार्थ लुकाएर गरिरहनुभएको छ? वा केवल अरूलाई देखाउन वा असल छु भनेर प्रमाण गर्न सेवा गर्नुहुन्छ? तर वाध्यताले गर्दा परोपकारी काम गर्नु के सधैं अमान्य छ त? हुनसक्छ कसैलाई तपाईंले चिन्नु पनि भएको छैन वा सरोकार पनि राख्नुहुन्न त्यसलाई सहायता गर्नु आवश्यक भएतापनि सहयोग गर्नु आवश्यक नथानेको हुन सक्छ। तर वाध्यता भएर देखावटी रूपमै भएतापनि सहयोग गर्नुहोला रे ! गऱ्यो भनेपनि त्यसमा नराम्रो के छ र?**

## ५. दश आज्ञाहरू अर्थात् व्यवस्था अनुसार न्याय (याकूब २:१२,१३)

(पशुलाई न्याय र मृत्युको बारेमा जानकारी हुँदैन तर मानिस प्रायजसो तिनीहरूको बारेमा सचेत भइरहेको हुन्छ)। याकूबले न्यायको बारेमा स्पष्ट धारणा याकूब २:१२,१३मा सम्बोधन गरेका छन्। ती पदहरूसाथै यहाँ उल्लेख गरिएका अरू पदहरूलाई नियाल्नुहोस्। परमेश्वरले मानव प्राणीलाई गर्नुहुने हामीहरूको काम अनुसारको न्याय कुनै काल्पनिक नभएर यथार्थ हुन् भनेर ती पदहरूले कसरी देखाउँछन्, सोच्नुहोस्: याकूब २:१२,१३ "यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस्। १३ किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ। कृपा न्यायमाथि विजयी हुन्छ।", यूहन्ना १२:४८ "मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ।", रोमी २:१२,१३ "सबै जसले व्यवस्थाविना पाप गरेका छन्, तिनीहरू व्यवस्थाविना नै नष्ट पनि हुनेछन्, र व्यवस्थामुनि रहेर पनि पाप गर्नेहरूको इन्साफ व्यवस्थाद्वारा नै हुनेछ। १३ किनकि व्यवस्था सुन्नेहरू परमेश्वरको सामुन्ने धर्मी ठहरिँदैनन्, तर व्यवस्था पालन गर्नेहरू धर्मी ठहरिनेछन्।", २ कोरन्थी ५:१० "किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ।" र प्रकाश २०:१२,१३ "मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो। १३ समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो कामअनुसार इन्साफ भयो।"

कुन मापदण्ड अनसार हामीलाई न्याय गरिनेछ वा हामीहरूको काम र नियतलाई ठिक वा वेठिक भन्ने आधार के छ भन्दा परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू हुन् भन्नुमा बाइबलको कुनै पनि लेखकहरूले असहमत जनाएका छैनन्। बरू हामीहरूको न्याय हुनेछ

भन्ने कुरामा तिनीहरू स्पष्ट भएको पाइन्छ। हामीहरूको काम अनुसार चाहे त्यो असल होस् वा खराब होस् त्यसै अनुसार हामीहरूको न्याय हुनेछ। तर त्यसैवखत हामीहरू भय मान्न आवश्यक छैन किनभने येशूको धार्मिक वा सिद्ध जीवनको पोशाक हामीलाई लगाइदिनुहुन्छ भनेर वचन दिएको छ। तर त्यो पोशाक केवल उहाँमा विश्वास वा आस्था राखेर हिँडेमा मात्र पाइन्छ भनेर पनि यकिन गरेको छ।

जब हामीलाई उहाँको धार्मिक पोशाक पहिऱ्याइ दिनुहुन्छ तब त्यसबेला त्यसले दुई कामहरू गर्दछन्: हाम्रा सबै पापहरू क्षमा गर्छन् र उहाँको मार्गमा आज्ञाकारी भएर चल्न सक्षम् बनाउँछन्। “जब तिमीहरूले ख्रीष्टलाई तिमीहरूको जीवनमा स्वामी वा प्रभु भनेर स्वीकार्दछौ तब उहाँमा नै हिँड्न तिमीहरूबाट अपेक्षा गरिएको छ (कलस्सी २:६ रूपान्तरित) र “जति जना तिमीहरू ख्रीष्टमा बप्तिस्मा लियौ त्यति जनाले ख्रीष्टलाई पहिरनुपर्दछ।" (गलाती ३:२७)।

हामीले के गरेको भरमा मात्र होइन तर हामीले के नगरेको भरमा पनि हामीहरूको न्याय गरिनेछ भनेर उल्लेख गरिएको छ। त्यसको अर्थको बारेमा धेरै मानिसहरूको भ्रामक धारणा छ। त्यसको अर्थ धर्म कमाउन धेरै काम गरिरहनुपर्छ भनेको होइन। यदि यो सत्य हो भने हाम्रो सामु निराश र हिनतावोध हुने ढोका खोलेको हुन्छ। “दया नदेखाउनेलाई दया नदेखाइ नै न्याय गरिनेछ" भनेर याकूबले व्यक्त गर्दछन्। त्यसको अर्थ हामीहरूको न्याय हामीहरूको अरूसँगको सम्बन्धमा भर पर्छ भनेर याकूबले फेरि औँल्याएको पाउँछौं। विश्वासीहरूलाई न्यायको दिनमा देखाउने दया वा सदाशयता त्यसमा भर पर्छ जुन् हामीले अरू दया, करूणा र सदाशयता देखाउँछौं।

हुनत माथि उल्लेख गरेको कुरा यथोचित नदेखेको होइन तर यदि हामी न्यायको दिनमा गरिने असल र खराब कामको आधारमा न्याय पाउँछ भनेर मात्र ध्यान दिँइरह्यौं भने हामी निराश हुनसक्छौं र हामीहरूको कमजोरीले गर्दा असल हुन कोशिश गर्नु पनि बेकारको रहेछ भनेर दिक्क मान्न सक्छौं। तर न्यायको समय आएकोले परमेश्वरको भय मान्नु (प्रकाश १४:७) भन्नुको अर्थ त्यो होइन! तर न्यायको समयमा हामीहरूको एउटै आशाको केन्द्रविन्दु केवल येशूको सिद्ध वा धर्मपरायण जीवनमा भरोसा र आशा सधैं राख्नुपर्छ भनेर

औंल्याएको हो भनेर मान्नुपर्छ। येशूको उचित वा धर्मी जीवनले गर्दा हामीले मुक्ति पाएको हुनाले परमेश्वरमाथि प्रेमले उत्प्रेरित भएर नै जे काम उहाँले अऱ्हाउनुहुन्छ त्यो खुशीसाथ गर्न हामी अघि सर्दछौं।

फेरि त्यसैवखत न्यायको बारेमा बाइबलमा उल्लेख गरेका चेतावनीहरू हामीहरूकै भलाइको निम्ति हो। भ्रमात्मक सुरक्षाको धरापमा हामी नपर्न त्यसले हामीलाई सतर्क गराउँछ। आखिरमा याकूबले नै भनेका छन् "न्याय गर्नुभन्दा दया तथा करूणा देखाउन उत्तम छ।" (याकूब २:१३ रूपान्तरित)। हामीभन्दा नराम्रो पापमा फसेको भनेर हामीले मुल्याङ्कन गर्ने मानिसहरूलाई हामीले कस्तो व्यवहार गर्नुपर्छ भनेर सम्झिरहन याकूबको त्यस वचनले हामीलाई सिकाउँदछ।

**के तपाईंको जीवनमा केही यस्तो घट्ना घटेको छ जसमा तपाईंले यस्तो काम गर्नुभयो त्यसले तपाईंले सजायँ भोग्नुपर्छ भनेर महसूस गर्नुभएको थियो? तर त्यसको बदलामा तपाईंमाथि क्षमा, सदाशय, दया र अनुग्रह देखाइएको थियो। तपाईंले कस्तो अनुभव गर्नुभयो? अर्को पटक कसैले केही काम विगाऱ्यो भने त्यसलाई कुन् दृष्टिले हेर्नुपर्छ भनेर तपाईंको अनुभवले कसरी सचेत गराउँछ?**

**उपसंहार:** "सारा मानिस र स्वर्गदूतहरूको सामु तपाईंलाई उहाँको छोरो भनेर परमेश्वरले ग्रहण गर्नुभएको छ। परमेश्वरको पुत्र भनेर योग्यता पाउनुभएको हैशियतले तपाईंले कुनै यस्तो काम नगर्नुहोस् जसले त्यस गरिमामय नाउँमा कलङ्क ल्याउँदछ। याकूब २:७। परमेश्वरले तपाईंलाई यस संसारमा उहाँको प्रतिनिधी चुनेर पठाउनुभएको छ। तपाईंले जीवनमा गर्ने प्रत्येक क्रियाकलापले परमेश्वरको नाउँको सम्मान गर्नुपर्छ। तर केवल ख्रीष्टको धार्मिकतालाई अङ्गाल्दा र उहाँको अनुग्रहलाई स्वीकार गर्दा मात्र त्यो काम गर्न तपाईं सक्षम् हुनुहुनेछ।"-एलेन जी ह्वाइट, *थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग,* पृ. १०७बाट रूपान्तरित। "न्यायको गरिमामय महिमित पवित्रताको एक बुँदा पनि नहल्लाइ येशू ख्रीष्टले गर्दा पापीको पापलाई न्यायको दिनमा सफाइ पाउन सक्दछ।"-एलेन जी ह्वाइट, *एसडिए कमेन्टरी,* ठेली ७, पृ. ९८६बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ.** महात्मा गान्धीले बढो जायजपूर्वक क्रिश्चियन भनाउँदाहरूको बारेमा यसो भन्नुभएको थियो "तपाईंको ख्रीष्टलाई मलाई मनपर्छ। तर तिम्रो क्रिश्चियनहरू मलाई मनपर्दैन। तिमीहरूको क्रिश्चियनहरू ख्रीष्ट जस्तो नै छैन।" उहाँले व्यक्त गर्नुभएको उक्त उदगारलाई बुझ्न किन गाऱ्हो छैन। ख्रीष्टको नाउँमा उहाँलाई बदनाम गर्ने कतिपय क्रिश्चियनहरूलाई हेरेर निराश हुनु सजिलो छ। तर हामीहरू आफैले येशूको नाउँमा के गऱ्यौं त्यो पहिला हेर्न के गर्नुपर्छ? तपाईं रहनुभएको सेरोफेरोमा येशूलाई कतिको प्रतिबिम्ब गरिरहनुभएको छ?

**आ.** जो सुकै भएतापनि के तपाईंको स्थानीय चर्चमा मानिसहरूले इज्जत पाएको महसूस गरेको छ? यदि छैन भने परमेश्वरको सामु सबै एकै हुन् भन्ने महसूस दिलाउन तपाईं के गर्न सक्नुहुन्छ?

**इ.** तपाईं रहेको समाज वा संस्कारमा के यस्ता नीति वा चलनहरू छन् जुन् बाइबलसम्मत छैन? कुन् कुन् स्पष्टसँग बाझिएको तपाईंले भेट्टाउनुभएको छ? अथवा के यस्ता थाहा नपाउने नै गरि लुकिरहेका चलनहरू छन्? ती चलन वा संस्कारहरूलाई पहिचान गरिसकेपछि सुसमाचारको गरिमामयलाई देखाउन र मानिसको जीवनमा अर्थमूलक बनाउने येशूको उद्देष्यलाई प्रतिबिम्ब गर्न तपाईंले कस्तो प्रयास गर्न सक्नुहुन्छ?

**ई.** मानव धर्मको नाउँमा छिमेकी वा परायालाई प्रेम गर्नु एक सराहनिय पक्ष हो। तर परमेश्वरलाई प्रेम गर्नु भनेको के हो त? हामीले उहाँलाई प्रेम गर्छौं भनेर कसरी देखाउने भनेर चिन्तन गर्नुहोस्।

**उ.** "अरूको न्याय वा आलोचना गर्नुभन्दा दया तथा करूणा देखाउनु उत्तम छ।" भनेर याकूबले व्यक्त गरेका छन् (याकूब २:१३)। तपाईंको दैनिक जीवनमा त्यसको अर्थ के हो? विशेष गरेर गल्ती गर्ने वा समस्या दिने मानिसहरूसँग तपाईंले कारोबार गर्नुपर्दा आलोचनाको सट्टा कसरी दया देखाउने? आलोचना, गल्ती देखाउने र सच्याउने तथा दया देखाउनेको बीचमा तपाईंले कसरी संतुलन राख्ने?